नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

☎ ६६१४८०१, ६६१४४३७
फ्याक्स : ६६१४६०७

पत्र संख्या : 078/79
चलानी नं. : 2590
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७८।१०।०६

# जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट जारी आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण तीव्र रुपमा बढ्दै गएको सन्दर्भमा सो को रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) का निर्णयहरु, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८, संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८।१०।७ गते राती १२:०० बजे देखि अर्को सूचना नभएसम्म लागू हुने गरी देहायको आदेश जारी गरिएको छ ।

१. **निषेध गरिएका गतिविधिहरु**

(क) सबै प्रकारका आमसभा ,जुलुस, सभा, भेला, मेला, सम्मेलन ,सिनेमा हल ,डान्सबार, दोहोरी, नाचघर, क्यासिनो, क्लब, हेल्थक्लव, जीमखाना,रंगशाला, संग्राहलय,पुस्ताकालय,चिडियाखाना, कभर्ड हल, स्वीमिङ पुल,फुटसल, जात्रा, महोत्सव, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य कार्यक्रम नगर्ने, नगराउने ।

(ख) शैक्षिक सस्थाहरुले भौतिक (तालिम केन्द्र, कोचिङ्ग सेन्टर, ट्युसन सेन्टर, कलेज, विद्यालय) उपस्थितिमा गर्ने पठन पाठन नगर्ने/नगराउने ।

(ग) विश्वविद्यालय/विद्यालय/शिक्षालयका परीक्षा, जनशक्ति भर्नाका परीक्षा लगायतका सबै किसिमका परीक्षाहरु नगर्ने, नगराउने। (तर विश्वविद्यालय वा आयोगको पूर्वनिर्धारित विशिष्ठ प्रकृतिको छनौट परीक्षा(विदेशी भाषा परीक्षासमेत) स्वास्थ्य मापदण्डको पालना गरी गराई सञ्चालन गर्न सकिने )

२ .**कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्ने:**

(क) जनस्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने,

(ख) घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

(ग) घरबाट बाहिर निस्किँदा अनिर्वाय रुपमा खोपकार्ड (मोवाइलमा भएपनि हुने) राख्ने,

(घ) सार्वजनिक स्थलमा दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने। अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात-धुने वा सेनिटाइजरको प्रयोग गर्ने ।

2078/10/06
रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎ ६६१४८०१, ६६१४४३७
फ्याक्स : ६६१४६०७
पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :-
मिति :-

(ङ) प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने,

(च) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेका मास्क नफाल्ने,

(छ) विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने,

(ज) पी.सी.आर.परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने,

(झ) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने,

(ञ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने,

(ट) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने,

(ठ) नेपाल सरकारले तोके वमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

**३. व्यापार व्यवसाय संचालनको हकमा देहायवमोजिमका मापदण्ड पालना गरी सञ्चालन गर्नेः**

(क) सपिङ मल, डिपार्टमेन्टल स्टोर, सुपर मार्केट र सबै प्रकारका पसल एक पटकमा २० जना भन्दा बढी नहुने, कमर्चारी, वयवसायी तथा सेवाग्राहीको पूर्ण खोप लगायको कार्ड (मोबाइलमा फोटो भए पनि हुने) हुनु पर्ने र जनस्वास्थ्य मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्न सकिने ।

(ख) पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक-चौथाईमा नबढ्ने गरी बढीमा पूर्ण खोप लगायका (मोबाइलमा फोटो भए पनि हुने) २० जना (यस अघि लिइएको स्वीकृतिमा समेत) मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिई बिबाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक वा सामाजिक कार्यक्रम सञ्चालन गर्न दिने ।

(ग) सबै प्रकारका व्यवसायहरुको अग्रपङक्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

२०७८/१०/०६
रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

☎ ६६१४८०१, ६६१४४३७
फ्याक्स : ६६१४६०७

पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :-

मिति :-...........................

४. होटेल तथा रेष्टुरेण्टको हकमा देहायवमोजिमका मापदण्ड पालना गरी सञ्चालन गर्ने:

(क) कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,

(ख) प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

(ग) कुल क्षमताको आधाभन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नुपर्ने,

(घ) सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

(ङ) नियमित रुपमा निसङ्क्रमित गर्नुपर्ने,

(च) कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउनेलाई प्रवेश गर्न नदिने,

(छ) खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा प्रवेश गर्न दिने,

(ज) होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण डिसिसिएमसीलाई उपलब्ध गराउने ।

५. सार्वजनिक र निजी सवारी साधनहरु (दुई पांग्रे सहित) देहाय बमोजिम हुने गरी सञ्चालन गर्नुपर्ने-

(क) जिल्ला भित्र जोर गते जोर र बिजोर गते बिजोर नम्बर प्रणालीमा सञ्चालन गर्ने,

(ख) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

(ग) सबै यात्रुलाई मास्क अनिबार्य गर्ने,

(घ) सवारी साधनको ढोकामा र सवारी साधनभित्र यात्रुले प्रयोग गर्ने गरी सेनिटाइजरको व्यवस्था गर्ने,

(ङ) चालक तथा सहचालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने,

(च) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,

(छ) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,

(ज) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।

२०७८/१०/०६
रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

☎ {६६१४८०१
{६६१४४३७
फ्याक्स : ६६१४६०७

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :-

मिति :-.............................

(झ) लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी प्रस्थान देखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलध गराउने,

(ञ) लामो दूरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

(ट) राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

(औषधि, स्वास्थ्य सामाग्री बोकेका सवारीसाधनहरु, यम्बुलेन्द, दमकल, शववाहन, ग्यास पेट्रोलीयम पदार्थ बोकेका सवारीसाधन, पशुपंक्षीका दाना, अन्डा फलफूल, खाद्यान्न, तरकारी, माछामासु बोकेका सवारी साधन वाहेक)

६. जिल्ला भित्रका सबै सार्वजनिक र सरकारी निकायमा आलोपालोमा सेवाप्रवाहको उचित प्रवन्ध कार्यालय प्रमुखले गर्ने।

७. सार्वजनिक सेवा लिन सबैले खोप कार्ड (मोबाइलमा फोटो भए पनि हुने) अनिवार्य आफ्नो साथमा राख्ने।

८. सरकारी कार्यालय र व्यवसायिक स्थलहरुमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

९ मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा सम्बन्धित पुजारी वा पण्डितबाट जनस्वास्थ्य मापदण्ड पालना गरी नित्यपूजा, ध्यान वा प्रार्थना मात्र गर्ने,गराउने।

१०. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परिक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

११. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१२. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघसंस्था, कलकारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु गराउनु पर्ने ।

2078/10/06
रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ६६१४८०१, ६६१४४३७
फ्याक्स : ६६१४६०७

पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भक्तपुर

मिति :-.............................

१३. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारवाट जारी आदेश र यस आदेशको पालना गराउन सबै राजनीतिक दल, स्थानीय तह, निजीक्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, संचारजगत र आमनागरिक सबैलाई आवश्यक सहयोग समन्वय एवं सहजीकरणको लागि अनुरोध छ ।

१४. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारवाट जारी आदेशमा जिम्मेवारी तोकिएका निकायको कार्य सम्पादनमा आवश्यक सहयोग, सहजीकरण तथा अनुगमन गरिनेछ ।

१५. आदेशमा लेखिए भन्दा भिन्न कुनै आकस्मिक परिस्थिति सिर्जना भएमा नजिकको सुरक्षा निकाय वा एकाइमा जानकारी गराउने ।

१६. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ वमोजिम कारबाही र सजाय हुनेछ ।

२०७८/१०/०६

रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी